प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# न्यूनतम मूल्य समर्थन पाइलटिंग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

मा.मन्त्रीज्यूबाट मिति
२०७६/०९/२४ गते स्वीकृत

**प्रस्तावना :** कृषकहरुबाट उत्पादित हुने धेरैजसो कृषि वाली/वस्तुहरुको मूल्य वेला वेलामा उतारचढाव हुने, खुल्ला प्रतिस्पर्धि वजार प्रणालीमा वाली/वस्तुहरुको मूल्य वजारले निश्चित गर्ने र सो वजार मूल्यमा नै कृषकहरुले विक्रि गर्नु पर्ने वाध्यता रहेको । वजारमा वाहिरबाट आपूर्ति भएमा वा स्थानीयस्तरमा नै वढी उत्पादन भएमा वजार मूल्य घट्न जाने हुंदा यस्तो अवस्थामा कृषकलाइ घाटा हुने हुन्छ । वजार मूल्य धेरै नै घट्न गएमा कृषकहरुले आफ्नो उत्पादन खेतमै नाश गर्ने वा नभित्र्याउने भै सो वाली वा वस्तु उत्पादन गर्न निरुत्साहित हुने र यसले झन वाहिरको उत्पादनलाइ स्थानीय वजारमा भित्रिन मद्दत पुग्छ । यसर्थ, कृषकलाइ निरुत्साहित हुनबाट वचाउन र वाहिरबाट आपूर्ति हुने कृषि वाली वस्तु (जुन यहीं उत्पादन हुन सक्छ) लाइ रोक्न र आन्तरिक वजारलाइ चलायमान बनाउन चालू आर्थिक वर्ष २०७६/७७ को स्वीकृत "मेरो किसान मेरो अन्नदाता" कार्यक्रम अन्तर्गत न्यूनतम मूल्य समर्थन कार्यक्रम पाइलटिंगको रुपमा कार्यान्वयन गर्न आवश्यक भएकोले कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** १) यस कार्यविधिको नाम "**न्यूनतम मूल्य समर्थन पाइलटिंग कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६** " रहेको छ ।

२) यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशबाट स्वीकृत भएको मिति देखि नै लागु हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

क) "कार्यालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि वा पशुपंछी विकास निर्देशनालय, कृषि विकास कार्यालय, पशु अस्पताल तथा पशु सेवा कार्यालयलाइ सम्झनु पर्दछ ।
ख) "कृषक" भन्नाले यस कार्यविधी अनुरुप कार्यक्रम सञ्चालन गरिने गाऊंपालिका वा नगरपालिकाको छानिएको पकेट क्षेत्रका कृषकहरुलाइ सम्झनु पर्छ ।
ग) "कृषि उत्पादन" भन्नाले कृषकहरुले उत्पादन गरेका प्राथमिक कृषिजन्य उत्पादनलाइ सम्झनुपर्छ ।
घ) "पकेट क्षेत्र" भन्नाले यस कार्यविधि वमोजिम कृषकले कृषि उपज उत्पादन विक्रि गर्ने वजारको नजिकको कृषि उत्पादन क्षेत्रलाइ जनाउंदछ ।



कृषि प्रसार अधिकृत    हरिप्रसाद पण्डित बरिष्ठ कृषि अर्थविद    राजेन्द्र प्रसाद भारी सचिव    मा. विमला के.सी. मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

ङ) "प्राविधिक" भन्नाले यस कार्यविधि वमोजिम सहभागी भएको समूह/सहकारीले करारमा लिइएको कृषि प्राविधिक सम्झनुपर्दछ ।

च) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश लाई सम्झनु पर्दछ ।

छ) "वजार" भन्नाले कृषि उपज थोक तथा खुद्रा विक्रि गरिने स्थान वा संरचनालाइ सम्झनुपर्दछ ।

ज) "व्यापारी" भन्नाले लक्षित कृषक समुदायसंग कृषि उत्पादन खरिद गरी वजारमा विक्री गर्ने व्यक्ती वा संस्थालाइ सम्झनुपर्दछ ।

झ) "समूह/सहकारी" भन्नाले यस कार्यविधि अनुसारको कार्यक्रममा आवद्ध कृषकहरुको समूह/सहकारी भन्ने सम्झनु पर्दछ ।

ञ) "संकलन केन्द्र" भन्नाले कृषक समुदायले कृषि उपज संकलन गरी विक्रि गर्ने स्थान वा संरचना सम्झनुपर्दछ

## परिच्छेद २

## कार्यक्रम संचालन प्रकृया

**३. पकेट क्षेत्रको छनौट:** कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतसंग जोडिएको नजिकको कृषि उपज तरकारी उत्पादन गरी वीरेन्द्रनगर सुर्खेतमा अवस्थित वुलवुले कृषि वजारमा विक्रि गर्ने गरेका कुनै एक कृषि उत्पादन क्षेत्र, जुन वजारको नजिक भएको, छनौट गरिने छ ।

**४. कृषक समूह/सहकारी छनौट:** पकेट क्षेत्र छनौट भइ सकेपछि सो पकेटमा कृषि उत्पादन विशेष गरी तरकारी उत्पादन गर्ने कृषकहरुको समूह/सहकारी छनौट गरिने छ ।

**५. वजारको छनौट:** यस पाइलटिंग कार्यक्रमको लागि वीरेन्द्रनगर सुर्खेतमा अवस्थित वजार मूल्य सूचना अध्यावधिक हुने गरेको वुलवुले कृषि वजार छनौट गरिने छ ।

**६. वाली वस्तु छनौट:** यस पाइलटिंग कार्यक्रमको लागि मूल्यमा धेरै उतार चढाव हुने वस्तु जस्तै तरकारी वालीलाइ छनौट गरिने छ

**७. कृषकहरुको छनौट र अभिमुखिकरण:** यस कार्यक्रममा आवद्ध हुने कृषक समूह/सहकारीका तरकारी उत्पादन गर्ने सबै कृषकहरुलाइ छनौट गरिनेछ र यस कार्यक्रमको वारेमा अभिमुखिकरण गरिनेछ ।

**८. कृषकहरुमा वालीको लागत तथा विक्रि रेकर्ड व्यवस्थापन तथा अद्धावधिक गर्ने:** यस कार्यक्रमको लागि लागत मूल्यको सूचना आवश्यक पर्ने हुनाले यस कार्यक्रममा आवद्ध हुने प्रत्येक कृषकले आफ्नो तरकारी वालीको लागत, उत्पादन तथा विक्रिको रेकर्डका लागि अनुसूचि १ मा उल्लेख भए अनुसारको रेकर्ड राख्नु पर्नेछ । यस रेकर्ड पुस्तिकामा विवरण भर्ने तरिका वारे कृषकहरुलाइ तालिम तथा अभिमुखिकरण गरिने छ ।



कृषि प्रसार अधिकृत
हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद
राजेन्द्र प्रसाद भारी
सचिव
मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
कृषि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**९. वजारमा मूल्य सूचना अध्यावधिक गर्ने :** यस कार्यक्रमका लागि छानिएको वीरेन्द्रनगर स्थित वुलवुले कृषि वजारमा तरकारीको थोक मूल्य (खरिद तथा विक्रि) अध्याविधक गरिनेछ ।

**१०. सम्झौताको आधारमा तरकारी खेती :** वुलवुले कृषि वजारमा तरकारीको व्यापार गर्ने तरकारी थोक व्यापारी (हरु) र यस कार्यक्रममा संलग्न हुने कृषक समूह वा सहकारीसंग अनुसूचि २ अनुसार उत्पादन खरिद विक्री सम्झौता गरिने छ । यसको लागि मन्त्रालयले सहजिकरण गर्ने छ ।

**११. समूह/सहकारीबाट विक्रिको विलिंग गर्नु पर्ने :** कार्यक्रममा आवद्ध समूह सहकारीले आफ्नो उत्पादन सम्झौता गरिएको व्यापारीलाइ विक्रि गर्दा विल जारी गर्नु पर्नेछ जसमा मिति, खरिद गर्ने व्यापारी वा मण्डीको नाम, तरकारी वालीको नाम, परिमाण, दर, र कूल रकम उल्लेख हुनु पर्नेछ ।

**१२. थोक व्यापारीले थोक विक्रिको विलिंग गर्नु पर्ने :** व्यापारीले पनि आफ्नो थोक विक्रिको विल जारी गर्नुपर्नेछ जसमा मिति, खरिद गर्ने व्यापारीको नाम, तरकारी वालीको नाम, परिमाण, दर, र कूल रकम उल्लेख हुनु पर्नेछ ।

**१३. लागत र विक्रि मूल्यको विश्लेषण :** यस कार्यक्रम कार्यान्वयनका लागि छनौट भएको समूह/सहकारीले एक प्राविधिक करारमा लिनेछ जसको सहजिकरण र व्यवस्थापन मन्त्रालयले गर्नेछ । निज प्राविधिकले प्राविधिक सेवाका साथै कार्यक्रममा आवद्ध कृषकहरुको रेकर्ड (अनुसूचि १ अनुसारको रेकर्ड पुस्तिका) मा भएको सूचनालाइ कम्पाइल गरी लागत र व्यापारीलाइ जारी गरिएको वीलको आधारमा विक्रि परिमाण र मूल्यको हिसाव राखी प्रत्येक सिजनको लागत, विक्रि मूल्य र आम्दानीको विश्लेषण गर्नेछन् । साथै आवश्यक परेमा निज प्राविधिकले तरकारी खरिद गर्ने व्यापारीबाट पनि जारी गरिएको वील विजकको पनि विश्लेषण गर्नेछन् ।

**१४. लागत मूल्यभन्दा विक्रि मूल्य कमी भएमा मूल्य समर्थन (price compensation) दिन सकिने :** यस कार्यविधि वमोजिम संलग्न भएका छानिएको पकेट क्षेत्रका सहभागी कृषक समूह/सहकारीका सदस्य कृषकहरु, जसले सामूहिक रुपमा आफ्नो समूह/सहकारीले संचालन गरेको संकलनकेन्द्रबाट सम्झौता गरिएका व्यापारीलाइ कृषि उत्पादन विक्रि गरेमा र यदि सो सिजनमा संकलन केन्द्रको औषत विक्रि मूल्यभन्दा कृषकहरुको औषत लागत मूल्य वढी हुन गएमा सोको जानकारी प्राविधिकले गरेको विश्लेषण प्रतिवेदन सहित समूह/सहकारीले मन्त्रालयमा अनुसूचि ३ अनुसार आवेदन दिनुपर्नेछ । यस किसिमको आवेदन एक सिजनमा एक पटक गर्नुपर्नेछ । मन्त्रालयमा आवेदन प्राप्त भएपछि मन्त्रालयले निम्न अनुसार सदस्य भएको एक मूल्यांकन समिति गठन गर्नेछ ।

मन्त्रालयको योजना महाशाखा प्रमुख.........................................अध्यक्ष

व्यापारीमध्येबाट एक ............................................................ सदस्य

वित्तीय/आर्थिक विश्लेषण विषयको विज्ञ १ .................. सदस्य

सम्वन्धित प्राविधिक विषयको विज्ञ १ ........................... सदस्य

मन्त्रालयको योजना महाशाखाको प्राविधिक कर्मचारी .... सदस्यसचिव

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

उल्लेखित समितिले उत्पादन लागत र विक्रि मूल्यको फरक एकिन गरी कार्यालयमा मूल्य समर्थन (Price compensation) को लागि सिफारिस गरी पठाउने छ ।

**१५. भुक्तानी प्रकृया:** समितिले सिफारिस गरी पठाएको मूल्य समर्थन (Price compensation) वापतको रकम कार्यालयले यस कार्यविधि वमोजिम सहभागी भएको समूह/सहकारीको खातामा एकमुष्ठ भुक्तानी दिनेछ । सहभागी समूह/सहकारीले पुनः आर्को सिजनको लागि यस कार्यक्रममा भाग लिन पाउनेछन् । यदि सहभागी समूह/सहकारी वा सहभागी कृषकले झुठा विवरण बनाएको पाइएमा त्यस्ता समूह/सहकारी वा कृषकहरुलाइ यस कार्यक्रममा सहभागी गराइने छैन । यस्ता कृषकहरुलाइ कालो सूचिमा राखी यस कार्यक्रममा सहभागी गराइने छैन ।

## परिच्छेद ३

## विविध

**बाधा अडकाउ फूकाउ :** यस कार्यविधी कार्यान्वयन सम्बन्धमा कुनै द्धिविधा भएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

**संशोधन तथा खारेजी :** यो कार्यविधि मन्त्रालयले आवश्यकतानुसार संशोधन तथा खारेज गर्न सक्नेछ ।

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# अनुसूची १

## कृषकको उत्पादन, लागत र आम्दानीको तथ्यांक रेकर्ड किताव

**खण्ड (क) : कृषकको परिचय**

१. कृषकको नाम :

२. ठेगानाः ......................जिल्ला .........................गाउंपालिका/नगरपालिका..............वडा नं...............................टोल

३. परिवार संख्याः..........................महिला........................पूरुष...........................कुल.............................. छोरा................जना.....................छोरी.....................

४. कृषक आबद्ध भएको समुह/सहकारीको नामः

५. कृषक आबद्ध वाली वस्तु ९मूल्य श्रृखला० को नामः

६. ब्यवसायमा काम गर्ने जनशक्तिः...........महिला............... पूरुष...........................कुल.............................

७. सम्पत्ति स्तरिकरणः अतिविपन्न ( ) विपन्न ( ) मध्यम ( ) सम्पन्न ( )

८. कृषकको जमिनः ..............सिंचित (रोपनी)........असिंचित (रोपनी).........सिंचितयोग्य(रोपनी).......कुल(रोपनी)........

९. तरकारी बाली लगाउने गरेको क्षेत्रफलः..............रोपनी

**खण्ड (ख): ब्यवसायको उत्पादन योजना र यथार्थ उत्पादन, खर्च र आम्दानीको विवरण**

बाली लगाउने बर्षः २०७...

बाली लगाउने मौसमको नामः हिउंद / गर्मी / वर्षा

१. योजना

| वालीको नाम | .......... | ......... | ...... | ......... | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| उत्पादन गर्ने जमिन (रोपनी) | | | | | | | | | | |
| उत्पादन परिमाण (केजी) योजना | | | | | | | | | | |



हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२. खर्च

| उत्पादन खर्च शिर्षकहरु | इकाइ | श्रम तथा समान परिमाण र खर्च रकम | | | | | | | जम्मा | खर्च भएको मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **सामाग्री / सेवाहरु** | | | | | | | | | | |
| वालीको नाम ⇨ | | ...... | ..... | ...... | ....... | ...... | ..... | ....... | | |
| वीउ खरिद परिमाण | ग्राम | | | | | | | | | |
| वीउ खरिद रकम | रु | | | | | | | | | |
| मल खरिद | केजी | | | | | | | | | |
| मल खरिद रकम | रु | | | | | | | | | |
| माटो परिक्षण | रु | | | | | | | | | |
| तालिम | रु | | | | | | | | | |
| ................... | | | | | | | | | | |
| ...................... | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| **श्रम** | | | | | | | | | | |
| *आफ्नो श्रम* | दिन | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| *नगद तिरेको श्रम* | | | | | | | | | | |
| मानव श्रम | दिन | | | | | | | | | |
| गोरु/रांगा | दिन | | | | | | | | | |
| ट्रयाक्टर | घण्टा | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | | |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद



राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

३. आम्दानी

३.१. वालीको नाम:

| वाली टिपेको मिति | .............................................. | | | | | |
|---|---|---|---|---|---|---|
| | टिपेको (केजी) | उपभोग (केजी) | वेचेको (केजी) | प्रति केजी विक्रि मूल्य (रु) | विक्रि आम्दानी (रु) | उत्पादन पश्चात नोक्सान (केजी) |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३.२. वालीको नाम:

| वाली टिपेको मिति | .............................................. | | | | | |
|---|---|---|---|---|---|---|
| | टिपेको (केजी) | उपभोग (केजी) | वेचेको (केजी) | प्रति केजी विक्रि मूल्य (रु) | विक्रि आम्दानी (रु) | उत्पादन पश्चात नोक्सान (केजी) |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
वरिष्ठ कृषि अर्थविज्ञ



राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

३.३. वालीको नाम:

| वाली टिपेको मिति | ............................................... | | | | | |
|---|---|---|---|---|---|---|
| | टिपेको (केजी) | उपभोग (केजी) | वेचेको (केजी) | प्रति केजी विक्रि मूल्य (रु) | विक्रि आम्दानी (रु) | उत्पादन पश्चात नोक्सान (केजी) |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३.४. वालीको नाम:

| वाली टिपेको मिति | ............................................... | | | | | |
|---|---|---|---|---|---|---|
| | टिपेको (केजी) | उपभोग (केजी) | वेचेको (केजी) | प्रति केजी विक्रि मूल्य (रु) | विक्रि आम्दानी (रु) | उत्पादन पश्चात नोक्सान (केजी) |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

३.५. वालीको नाम:

| वाली टिपेको मिति | ............................................ | | | | | |
|---|---|---|---|---|---|---|
| | टिपेको (केजी) | उपभोग (केजी) | वेचेको (केजी) | प्रति केजी विक्रि मूल्य (रु) | विक्रि आम्दानी (रु) | उत्पादन पश्चात नोक्सान (केजी) |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

४. यस मौसम (सिजन) को खुद आम्दानी

४.१. जम्मा विक्रि आम्दानी रु. (प्रत्येक वालीबाट भएको आम्दानी जोड्ने)

४.२. खेती गर्दाको कूल खर्च रु. (प्रत्येक वालीमा भएको खर्च जोड्ने)

४.३. खुद आम्दानी (विक्रि आम्दानीबाट खर्च घटाउने) (४.१-४.२) रु.

४.४. अन्य स्रोत बाट भएको आम्दानी रु.

४.५. यो मौसम (सिजन) मा तरकारी वाली र अन्य स्रोतबाट भएको जम्मा आम्दानी (४.३+४.४) रु.

एवं रितले यस पछिको मौसम (सिजन) मा गरिने वालीको खर्च र आम्दानी रेकर्ड लिने

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूचि २

### कृषक समूह/सहकारी र व्यापारी वीच कृषि उत्पादन खरिद विक्री सम्झौताको नमूना

लिखितम आज मिति ..................... मा .......................................... जिल्ला ................................... गाउ/नगरपालिका ................ नं. वडामा रहेको ......................................................................... समूह/सहकारी संस्था, यस पछि प्रथम पक्ष भनिने र ......................................... जिल्ला .................................. गाउ/नगरपालिका ................ नं. वडामा रहेको वुलवुले कृषि वजारमा अवस्थित..................................... मण्डी/कम्पनी, यस पछि दोश्रो पक्ष भनिने वीच ................................................... कृषि उत्पादनहरु निम्नानुसारको शर्तहरुको अधिनमा रही खरिद विक्रि गर्ने सम्झौता गरि लियौं दियौं ।

शर्तहरु

१. ....................... साल ..................... सिजनमा प्रथम पक्ष र दोश्रो पक्षले निम्नानुसारका तरकारी उत्पादन, परिमाण र निम्नानुसारको मूल्यमा खरिद विक्रि गर्नेछ ।

| सि.नं. | तरकारी उत्पादनको नाम | उत्पादनको गुणस्तर (कांचो, सुकेको, ......) | परिमाण (केजी) | संकलन केन्द्रमा विक्री मूल्य (रु प्रति केजी)* | अन्य प्रावधानहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

* खरिद विक्रि मूल्य पूर्व निर्धारण गर्न नसकिएमा वुलवुले कृषि वजारको थोक मूल्यलाइ आधार मानी प्रथम पक्ष र दोश्रो पक्ष वीच आपसी समझदारी गरी 'अन्य प्रावधानहरु' महलमा उल्लेख गर्न सकिनेछ ।

२. वुंदा नं १ अनुसारको समझदारी वमोजिम प्रथम पक्षले दोश्रो पक्षले तोकिएको तरकारी उत्पादन दोश्रो पक्षलाइ संकलनकेन्द्रबाट थोकमा विक्रि गर्नेछ ।

३. वुंदा नं २ अनुसारको विक्रि गरिएको तरकारी उत्पादनको रकम आपसी समझदारी वमोजिम दोश्रो पक्षले प्रथम पक्षलाइ भुक्तानी दिनेछ ।

४. लागत तथा लाभ विश्लेषणको लागि आवश्यक परेमा दोश्रो पक्षले आफ्नो थोक विक्रि विल विजकको प्रतिलिपि प्रथम पक्षलाइ उपलव्ध गराउनु पर्नेछ ।

५. यस सम्झौताको पालना दुवै पक्षबाट हुनेछ । यदि कुनै विवाद आइ परेमा दुवै पक्षबाट आपसी सहमतिमा निराकरण गरिने छ । यस पछि पनि निराकरण नभएमा मन्त्रालयले सहजिकरण गरि दिनेछ जुन हामी दुवै पक्षलाइ मान्य हुनेछ ।

६. यस सम्झौतामा नसमेटिएका विषय वस्तुहरु नेपाल सरकार र कर्णाली प्रदेश सरकारको विद्यमान ऐन नियम अनुसार हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |
| साक्षी: | साक्षी: |



कृषि प्रसार अधिकृत
हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ
राजेन्द्र प्रसाद भारी
सचिव
मा. विमला के.सी.
मन्त्री

## अनुसूचि ३

कृषक समूह/सहकारीले मन्त्रालयलाइ मूल्य समर्थन (Price Compensation) को लागि दिने आवेदनको नमूना

**मितिः २०७..।....।.....**

श्रीमान् सचिवज्यू,
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत ।

बिषयः मूल्य समर्थन (Price Compensation) को रकम भुक्तानी पाउँ भन्ने वारे ।

उपरोक्त बिषयमा हाम्रो ........................................................ समूह/सहकारी संस्था ........................... ले तहां मन्त्रालयको मूल्य समर्थन (Price Compensation) कार्यक्रमको स्वीकृत कार्यविधि अनुसार पाइलटिंग गरिएको कार्यक्रममा २०७.. सालको ....... मौसम/सिजनमा तरकारी वाली उत्पादन गरी सम्झौता अनुसार ..............................................................का व्यापारी श्री ................................................................ लाइ विक्रि गरेकोमा उक्त मौसम/सिजनमा यसै निवेदनसाथ संलग्न रहेका कार्यक्रममा आवद्ध कृषकहरुको निम्न अनुसार लागत भन्दा आम्दानी कम हुन गएकोले सोमा फरक भएको रकम स्वीकृत कार्यविधि अनुसार क्षतिपूर्ति भुक्तानी पाउन अनुरोध गर्दछु ।

तपसिल

| सि नं. | कृषकको नाम, ठेगाना | वालीको नाम | .......सिजनमा भएको कूल लागत | .............सिजनमा भएको कूल आम्दानी | क्षतिपूर्ति पाउनु पर्ने फरक रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ................ | क....... | | | | |
| | | ख...... | | | | |
| | | ग....... | | | | |
| | | | | जम्मा | | |
| २ | ................ | क....... | | | | |
| | | ख...... | | | | |
| | | ग....... | | | | |
| | | | | जम्मा | | |
| ३ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ... | ..... | .... | ..... | .... | ..... | ... |
| | | | | कूल जम्मा | | |



कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

<u>संलग्न कागजातहरू:</u>

१. प्रत्येक कृषकको सो सिजनमा भएको बालीगत विस्तृत लागत र आम्दानी विवरण
२. समूह/सहकारी र व्यापारी वीच भएको खरिदविक्रि सम्झौताको छायांप्रति
३. समूह/सहकारीले जारी गरेको विल विजकको छायांप्रति
४. समूह/सहकारीको संकलनकेन्द्रमा रहेको विक्रि रजिष्टरको छायांप्रति

…………………………..
(श्री …………………..)

अध्यक्ष

श्री …………. समूह/सहकारी संस्था लि. ……..

कृषि प्रसार अधिकृत

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
बीरेन्द्रनगर, सुर्खेत, नेपाल

मा. विमला के.सी.
मन्त्री